# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








❒ वर्ष : २५ ❒ अंक : ३१५ ❒ बिहीवार, ११ भदौ, २०८३ ❒ Thursday, 27 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०


### भेरी बबई डाइभर्सन आयोजना

# म्याद थपिरहने, काम धकेलिरहने


❒ चाँदनी कठायत

सुर्खेत, १० भदौ


राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माण सुरु भएको एक दशकभन्दा बढी भइसक्यो । नेपालमा पहिलोपटक टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरेर निर्माण गरिएको १२ दशमलव २ किलोमिटर लामो सुरुङ निर्धारित समयभन्दा करिब एक वर्षअघि नै छिचोलिएपछि यो आयोजना निर्माण क्षेत्रकै नमुना बनेको थियो । तर सुरुङ निर्माण सम्पन्न भएको वर्षौं बितिसक्दा पनि त्यसमा पानी पठाउने बाँध, पावर हाउस र अन्य संरचना निर्माणको काम भने पूरा हुन सकेको छैन ।

निर्माणको गति सुस्त भएपछि बाँध, पावर हाउस र सर्जसाफ्टलगायत संरचना निर्माणको जिम्मा पाएको सिभिल ठेकेदारको म्याद पटक-पटक थपिँदै आएको छ । चौथोपटक थपिएको म्याद पनि आगामी मंसिरमा सकिँदैछ । आयोजनाको समग्र निर्माण अवधि भने अहिले आर्थिक वर्ष २०८७/८८ सम्म पुऱ्याइएको छ । यसरी हेर्दा सात वर्षमा सकिनुपर्ने आयोजनाको काम मिति थपिँदै करिब १७ वर्षसम्म लम्बिएको छ ।

भेरी नदीको पानी बबई नदीमा पथान्तरण गरी बाँके र बर्दियाको करिब ५१ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने र ४६ दशमलव ८ मेगावाट विद्युत् उत्पादन गर्ने उद्देश्यले आयोजना अघि बढाइएको हो । आयोजनाको कार्यालय २०६८ सालमै स्थापना

बाँकी पृष्ठ २



## समयअघि सकिएको सुरुङ, त्यसपछि सुस्त भयो काम

आयोजनाको पहिलो चरणअन्तर्गत १२ दशमलव २ किलोमिटर लामो सुरुङ निर्माणको जिम्मा चीनको चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप लिमिटेड (कोभेक) लाई दिइएको थियो । करिब १० अर्ब ५६ करोड

बाँकी पृष्ठ २

| मिति / अवधि | काम |
|---|---|
| आव २०६८/०६९ | आयोजना निर्माण कार्यालय स्थापना |
| आ.व. २०७१/७२ | आयोजनाको वास्तविक निर्माण कार्य सुरु । |
| आ.व. २०७७/७८ | सुरुमा आयोजना सम्पन्न गर्ने लक्ष्य । |
| आ.व. २०७९/८० | पहिलोपटक सम्पन्न गर्ने अवधि सारियो । |
| २०७४ कात्तिक २० | टीबीएमबाट सुरुङ खन्न सुरु । |
| २०७६ वैशाख ३ | १२.२ किमि सुरुङको 'ब्रेक थ्रु' । |
| २०७६ साउन १५ | सिभिल संरचना निर्माणका लागि रमण-ग्वाङ्डोन-युनाटियन जेभीसँग ठेक्का सम्झौता । |
| २०८० साउन २९ | उक्त सिभिल ठेक्काको मूल अवधि सकिनुपर्ने मिति । |
| २०८० मंसिर | सिभिल ठेक्काको म्याद थप । |
| २०८२ भदौ | सिभिल ठेक्काको म्याद पुनः थप । |
| २०८२ चैत २० | तेस्रोपटक थपिएको सिभिल ठेक्काको म्याद सकियो । |
| २०८३ | सिभिल ठेक्काको म्याद चौथोपटक थपिएर मंसिरसम्म पुग्यो । |
| आ.व. २०८७/८८ | समग्र आयोजना सम्पन्न गर्ने हालको लक्ष्य । |

## समग्र प्रगति ६९ प्रतिशत

आयोजनाको पछिल्लो उपलब्ध विवरणअनुसार समग्र भौतिक प्रगति करिब ६९ प्रतिशत पुगेको छ । तर मुख्य सिभिल संरचना निर्माणको काम भने अझै सुस्त छ । सिभिलतर्फको भौतिक प्रगति ५७ प्रतिशत मात्रै पुगेका बेला तेस्रोपटक थपिएको म्याद २०८२ चैत २० गते सकिएको थियो । त्यसपछि ठेकेदार कम्पनीले थप समय मागेपछि सिभिल ठेक्काको म्याद चौथोपटक २१० दिनका लागि थप गरी आगामी २०८३ मंसिरसम्म पुऱ्याइएको छ ।

२०७६ साउन १५ गते रमण कन्स्ट्रक्सन र चीनको ग्वाङ्डोन-युनाटियन जेभीसँग ६ अर्ब १६ करोड ५२ लाख रुपैयाँमा भएको उक्त ठेक्काअनुसार काम २०८० साउन २९ गतेभित्र सकिनुपर्ने थियो । तर तोकिएको समयमा काम पूरा नभएपछि म्याद थपिँदै आएको हो । निर्माण अवधि लम्बिँदै जाँदा आयोजनाको लागतसमेत बढेर करिब ४५ अर्ब रुपैयाँसम्म पुग्ने अनुमान गरिएको छ ।

समग्र प्रगति ६९ प्रतिशत पुगे पनि आयोजनाका लागि अत्यन्त महत्वपूर्ण बाँध, पावर हाउस र त्यससँग जोडिएका संरचनाको काम अझै निर्माणाधीन अवस्थामा छ । अहिले आयोजना निर्माणमा सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल गरी तीनवटा मुख्य ठेक्का छन् । सिभिलतर्फ रमण-ग्वाङ्डोन जेभीले बाँध, पावर हाउस तथा अन्य संरचनाको काम गरिरहेको छ । हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फ छुट्टाछुट्टै ठेक्कामार्फत काम अघि बढिरहेको छ ।

आयोजना कार्यालयका सिडीई थापाका अनुसार वर्षाका कारण सबै काम रोकिएको छैन । गर्न मिल्ने कामलाई निरन्तरता दिइएको छ । 'वर्षा भए पनि हामी गर्न मिल्ने काम गरिरहेका छौँ,' थापाले भने । उनका अनुसार अहिले पावर हाउसमा काम भइरहेको छ । बाँधस्थलमा पनि निर्माण जारी छ । हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फ मेसिन तथा उपकरणको फ्याब्रिकेसन र वर्कसपको काम भइरहेको छ । तर आयोजनाको अहिलेको मुख्य समस्या निर्माणको गति सुस्त हुनु नै रहेको थापाले स्वीकारे ।

'समस्या भनेको ढिलो नै हो । अलि ढिलो भयो, अब प्रगति ल्याउनु पऱ्यो भन्ने कुरा हो,' उनले भने, 'सम्बन्धित निकायबाट पनि ठेकेदारलाई ताकेता भइरहेको छ, अब कामको गति बढ्छ भन्ने आश गरौँ ।'

विशेषगरी सिभिल ठेकेदारले आवश्यक स्रोत तथा जनशक्ति परिचालन गर्न ढिलाइ गर्दा काम प्रभावित भएको उनको भनाइ छ । आयोजना छिटो सम्पन्न गर्न निर्माण व्यवसायीलाई कामको गति बढाउन निर्देशन भइरहेको उनले बताए ।

थापाका अनुसार हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फका ठेक्काको म्याद २०८३

बाँकी पृष्ठ २

### रसुवामा बाढीको कहर

# स्थानीय तह संकटग्रस्त घोषणा, उद्धार र उपचार तीव्र


❒ कांक्रेविहार संवाददाता

काठमाडौं, १० भदौ


रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि सरकारले प्रभावित जिल्लाका सबै स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । मन्त्रिपरिषद्को आकस्मिक बैठकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम उक्त निर्णय गरेको हो ।

बाढीका कारण टिमुरे, रसुवागढी र स्याफ्रुबेँसी क्षेत्रमा बस्ती, बजार, सडक, प्रहरी कार्यालय तथा जलविद्युत् आयोजनाका संरचनामा क्षति पुगेको छ ।



प्रारम्भिक विवरणअनुसार घटनाअघि बिहान ८:३७ बजे भूकम्प गएको र त्यसपछि हिमपहिरो खसेर बाढी आएको हुनसक्ने सरकारले जनाएको छ । यसको थप पुष्टि गर्न बाँकी रहेको छ ।बाढीमा फसेकाको उद्धारका लागि नेपाली सेनासहित सुरक्षाकर्मी परिचालन गरिएको छ । सेनाले ६ वटा हेलिकप्टर र तीनवटा ड्रोन प्रयोग गरी हालसम्म करिव १ सय जनाको उद्धार गरेको जनाएको छ । बाढीका कारण स्याफ्रुबेँसीमा निर्माणाधीन २० मेगावाटको लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत इन्जिनियरसहित करिब ६० जना कर्मचारी सम्पर्कविहीन भएका छन् । आयोजनाको संरचनामा समेत गम्भीर क्षति पुगेको छ । टिमुरे भन्सार कार्यालयका १४ कर्मचारी समेत सम्पर्कविहीन रहेको जनाइएको

बाँकी पृष्ठ ४


## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं ।

*कर तिर्न नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।*

नेपाल सरकार

विज्ञापन बोर्ड

## सम्पादकीय

# मन्त्री छनोटमै अल्झिएको कर्णाली सरकार

कर्णाली प्रदेशमा नयाँ सरकार गठन भएको एक महिना पुगिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता नपाउनु गम्भीर राजनीतिक र प्रशासनिक विषय हो । मुख्यमन्त्री मंगलबहादुर शाहीले सत्ता साझेदार नेकपा एमालेसँग मन्त्रालय बाँडफाँडको विषय टुंग्याएर एमालेका तर्फबाट तीन मन्त्री नियुक्त गरिसकेका छन् । तर आफ्नै दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को भागमा परेका तीन मन्त्रालयमा मन्त्री नियुक्त गर्न नसक्नुले सरकारको कार्यक्षमतामाथि स्वाभाविक रूपमा प्रश्न उठेको छ । मन्त्री नियुक्तिको विषय राजनीतिक दलको आन्तरिक विषय भए पनि त्यसको प्रत्यक्ष असर राज्य सञ्चालन र जनताको दैनिक जीवनसँग जोडिन्छ । सोमबार लागि तय गरिएको मन्त्रीहरूको शपथ कार्यक्रम अन्तिम समयमा स्थगित हुनु कर्णाली सरकारभित्रको राजनीतिक असमझदारी सतहमै आएको उदाहरण हो । मुख्यमन्त्रीले नै पार्टीभित्र कुरा नमिलेको भन्दै शपथ स्थगित गर्न आग्रह गर्नुपर्ने अवस्था आउनु सरकारको नेतृत्वका लागि सुखद संकेत होइन ।

नेकपाभित्र साविक माओवादी र एकीकृत समाजवादी धारबीच मन्त्री छनोटलाई लिएर देखिएको विवादले समस्या थप जटिल बनाएको देखिन्छ । एकातर्फ साविक माओवादी धारबाट केही नाम चर्चामा छन् भने अर्कोतर्फ साविक समाजवादी धारले समानुपातिक सांसद कल्याणी खड्कालाई मन्त्री बनाउनुपर्ने अडान राखेको बताइएको छ । त्यसमाथि अन्य सांसदहरू पनि मन्त्रीका आकाङ्क्षी बनेपछि मुख्यमन्त्रीलाई सबै पक्ष मिलाउन कठिन भएको देखिन्छ । तर सरकार सञ्चालनमा व्यक्तिगत वा गुटगत आकाङ्क्षाभन्दा माथि उठेर निर्णय लिनुपर्ने हुन्छ । सत्ता साझेदार दलले आफ्नो जिम्मेवारी पूरा गरिसकेको अवस्थामा मुख्यमन्त्रीको आफ्नै दलभित्रको विवादका कारण सरकार अपूर्ण रहनु कर्णालीका जनताका लागि स्वीकार्य हुन सक्दैन । सरकार गठनको अन्तिम वर्षतिर आइपुग्दा मन्त्री बन्ने प्रतिस्पर्धाभन्दा जनताको काम गर्ने प्रतिस्पर्धा आवश्यक छ ।

अझ महत्वपूर्ण कुरा, अहिले नयाँ आर्थिक वर्ष सुरु भइसकेको छ। बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि, मापदण्ड, बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता तथा विभिन्न नीतिगत निर्णय गर्नुपर्ने समय यही हो। मन्त्रालयमा मन्त्री नहुँदा राजनीतिक नेतृत्वबाट हुनुपर्ने निर्णय प्रभावित हुने र त्यसको असर विकास निर्माण तथा सेवा प्रवाहमा पर्ने निश्चित छ । त्यसैले मुख्यमन्त्री शाहीले अब ढिलाइ गर्ने छुट पाउनु हुँदैन । पार्टीभित्रको गुटगत असहमति, व्यक्तिगत आकाङ्क्षा र भागबन्डाको विवादलाई तत्काल टुंग्याएर सक्षम र जिम्मेवार मन्त्री नियुक्त गर्नुपर्छ । सरकारको पूर्णता केवल मन्त्री थप्ने विषय होइन, प्रदेश सरकारलाई निर्णय गर्ने, बजेट कार्यान्वयन गर्ने र जनताप्रति जवाफदेही बनाउने आधार हो । कर्णालीका जनताले राजनीतिक भागबन्डाको अन्तहीन विवाद होइन, परिणाम खोजिरहेका छन् । मुख्यमन्त्रीले अब आफ्नो नेतृत्व क्षमता प्रमाणित गर्ने बेला आएको छ । सरकार गठनमै देखिएको अन्योल लामो समयसम्म कायम रहे त्यसको मूल्य अन्ततः कर्णालीवासीले तिर्नुपर्नेछ ।

# बढ्दो सामाजिक अपराध : एक समीक्षा



✍ प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

समाज भनेको असल र खराब दुवै प्रवृत्तिका मानिसहरूको साझा संरचना हो । जब समाजमा अपराधी प्रवृत्तिहरू हाबी हुन थाल्छन्, त्यसले समाजको शान्ति, स्थिरता, सुरक्षा र विकासलाई गम्भीर चुनौती दिन्छ। संसारको कुनै पनि समाज पूर्ण रूपमा अपराधमुक्त छैन । फरक यति हो कि विभिन्न देश र समाजमा अपराधका स्वरूप र प्रकृति फरक-फरक छन् । उदाहरणका लागि, अमेरिकामा बन्दुकसँग सम्बन्धित हिंसा र सामूहिक गोलीकाण्ड गम्भीर चुनौतीका रूपमा देखिन्छन् ।

भारतमा बलात्कार तथा महिला हिंसाका घटना गम्भीर सामाजिक चिन्ताको विषय बनेका छन् । मेक्सिकोमा लागुऔषध कारोबारसँग जोडिएको संगठित तथा हिंसात्मक अपराध चुनौती बनेको छ । हाइटीमा सशस्त्र गिरोहको हिंसाले राज्य र नागरिक जीवनलाई नै गम्भीर संकटमा पारेको छ । त्यस्तै, दक्षिण अफ्रिकामा हत्या, डकैती, यौन अपराध तथा अन्य हिंसात्मक अपराध लामो समयदेखि सामाजिक चुनौतीका रूपमा रहेका छन् । यी उदाहरणहरूलाई हेर्दा एउटा प्रश्न उठ्छ–शान्ति र सुरक्षा कहाँ छ? वास्तवमा शान्ति बाहिरबाट कसैले आएर कायम गरिदिने विषय होइन । राज्यले कानुन, सुरक्षा र न्यायको व्यवस्था गर्नुपर्छ; तर समाजमा शान्ति कायम गर्ने पहिलो जिम्मेवारी प्रत्येक नागरिकको हो ।

देश र समाजमा शान्ति र सुरक्षा ,सरकार वा सुरक्षा निकायले मात्र कायम गर्ने विषय होइन; व्यक्ति-व्यक्ति मिलेर निर्माण गर्ने सामाजिक संस्कार, समाजमा शान्ति कायम गर्ने एउटा महत्वपूर्ण आयाम हो । मानव जातिको मूल उद्देश्य केवल आर्थिक समृद्धि वा भौतिक विकास मात्र नभई , शान्त, सुरक्षित, न्यायपूर्ण र मानवीय समाज निर्माण गर्नु पनि हुनुपर्छ । अपराध नियन्त्रणको जिम्मेवारी राज्यको हो, तर अपराधरहित र शान्त समाज निर्माण गर्ने जिम्मेवारी हामी सबैको हो । संसारमा कतिपय देशमा अपराध सामान्य सामाजिक समस्याको सीमा नाघेर राष्ट्रिय संकट बनेका छन् । यसबाट एउटा महत्वपूर्ण कुरा बुझ्नुपर्छ–अपराध हुँदैमा समाज नै खराब हुँदैन र केही व्यक्ति अपराधी हुँदैमा सम्पूर्ण समाज अपराधी हुँदैन । प्रश्न यो हो कि समाज र राज्यले अपराधलाई कसरी नियन्त्रण गर्छन्, अपराधीलाई कानुनको दायरामा कसरी ल्याउँछन् र नयाँ अपराधी उत्पादन हुन नदिन सामाजिक वातावरण कसरी निर्माण गर्छन् । तर पनि समाजले शान्ति, आफ्नो अस्तित्व र सभ्यता कायम राख्न निश्चित नियम, मूल्य, मान्यता र कानुन बनाएको हुन्छ । ती नियम विपरीत गम्भीर अपराध गर्ने व्यक्तिमाथि अनुसन्धान र अभियोजनको प्रक्रिया अघि बढाइन्छ र अन्ततः अदालतको निर्णयबाट दोषी ठहरिएपछि कानुनअनुसार सजाय दिइन्छ । जेल तथा सुधारगृहको व्यवस्था पनि यही न्यायिक प्रणालीको एउटा महत्वपूर्ण अंग हो । यसको उद्देश्य अपराधीलाई सजाय दिनु मात्र होइन; समाजलाई सुरक्षित राख्नु, कानुनको शासन कायम गर्नु र सम्भव भएसम्म अपराधीलाई सुधार गरी पुनः समाजमा जिम्मेवार नागरिकका रूपमा फर्काउने वातावरण तयार गर्नु पनि हो ।

अपराधमुक्त समाज सम्भव नहोला, तर अपराध नियन्त्रण गर्न सके, अपराधीलाई कानुनी दायरामा ल्याउन सके र अपराधको सामाजिक आधार कमजोर बनाउन सके सभ्य समाज अवश्य निर्माण गर्न सकिन्छ । त्यसैले प्रत्येक समाजको लक्ष्य "अपराध कहिल्यै नहुने समाज" को कल्पना मात्र गर्नु होइन; अपराध हुँदा पीडितले न्याय पाउने, अपराधीले कानुनअनुसार सजाय पाउने र समाजले भविष्यमा त्यस्तो अपराध दोहोरिन नदिने वातावरण निर्माण गर्नु हो । यही नै कानुनी शासन, सामाजिक जिम्मेवारी र सभ्य समाजको वास्तविक पहिचान हो । विश्वमा भइरहेका सामाजिक अपराधबाट हाम्रो देश पनि अछुतो रहन सकेको छैन । तर सामाजिक अपराधका घटनाहरूलाई जुन किसिमले केही अभियन्ताहरूले उचालिरहेका छन्, त्यसरी हेर्दा हालको नयाँ सरकार आउनुभन्दा पहिले यस्ता अपराधका घटना कहिल्यै नघटेको जस्तो गरी प्रस्तुत गरिरहेका देखिन्छ । अवश्य पनि, देशमा केही सामाजिक अपराधका घटनाहरू बढेका छन् । ती बढ्नुका धेरै कारणमध्ये दुईवटा परिदृश्यलाई यहाँ चर्चा गर्न गइरहेको छु ।

**दृश्य एक**

हाम्रो देश नेपालमा पछिल्ला दिनहरूमा सामाजिक अपराधका घटनाहरू बढ्दै गएको देखिन्छ । बलात्कारपछि हत्यादेखि सामान्य विवादमा समेत ज्यान लिने घटना तथा मानवीय संवेदनशीलता र सहिष्णुता घट्दै जानु गम्भीर चिन्ताको विषय हो । यस्ता घटना भएपछि सामाजिक अभियन्ताहरू सडकमा उत्रिनु, आवाज उठाउनु र पीडितका पक्षमा बोल्नु स्वाभाविक र आवश्यक पनि हो । तर एउटा प्रश्न गम्भीर रूपमा उठाउनुपर्ने बेला आएको छ–घटना घटिसकेपछि सडकमा प्रदर्शन गरेर मात्र सामाजिक अपराध घटाउन सकिन्छ त ? कतिपय अवस्थामा विरोध प्रदर्शन पीडितलाई न्याय दिलाउनेभन्दा पनि आफूलाई सामाजिक अभियन्ताका रूपमा प्रस्तुत गर्ने, सञ्चारमाध्यम र सामाजिक सञ्जालमा चर्चित हुने माध्यममा सीमित भएको देखिन्छ । यदि हाम्रो उद्देश्य वास्तवमै अपराध न्यूनीकरण र सभ्य समाज निर्माण हो भने, घटना घटिसकेपछि विरोध गर्नु मात्र पर्याप्त हुँदैन; घटना हुन नदिन सामाजिक वातावरण निर्माण गर्नु अझ महत्वपूर्ण हुन्छ । आज सामाजिक सञ्जाल हाम्रो समाजको अभिन्न हिस्सा बनेको छ । अर्कोतिर, सामाजिक सञ्जालको अनियन्त्रित र गैरजिम्मेवार प्रयोग पनि मुख्य समस्या बनेको छ । सामाजिक सञ्जाल समाजलाई जोड्ने माध्यम हुनुपर्नेमा समाजलाई भड्काउने, नागरिकलाई दुविधामा पार्ने र व्यक्तिगत वा समूहगत स्वार्थका लागि मानिसको भावनासँग खेल्ने थलो बनेको छ । भ्रामक तथ्य फैलाउने, कानुनी प्रक्रियालाई प्रभाव पार्ने गरी अफवाह फैलाउने र सस्तो लोकप्रियताका लागि मानिसहरूलाई उत्तेजित बनाउने कार्यले समाजमा अराजकता बढाएको छ । जबसम्म सामाजिक सञ्जालमा हुने यस्ता भ्रामक र उत्तेजक स्टन्टबाजीलाई नियन्त्रण र निरुत्साहित गरिँदैन, तबसम्म अपराधको मानसिक जग भत्किन सक्दैन ।

त्यसैले सामाजिक अभियन्ता हुनु भनेको केवल विरोध गर्नु होइन; समाजलाई सही दिशा दिनु पनि हो । युवालाई हिंसा होइन, संवाद सिकाउनु; विवादलाई कुटपिट होइन, कानुनी प्रक्रियाबाट समाधान गर्न प्रेरित गर्नु; महिलामाथि हुने हिंसाविरुद्ध निरन्तर जनचेतना फैलाउनु र सामाजिक सञ्जाललाई जिम्मेवार तथा मर्यादित बनाउन अभियान चलाउनु पनि सामाजिक अभियानकै हिस्सा हो । हामीले अब एउटा गम्भीर प्रश्न आफैँलाई सोध्नुपर्छ–हामी अपराधविरुद्ध लडिरहेका छौँ कि अपराध भएपछि त्यसलाई प्रदर्शनको विषय बनाइरहेका छौँ? अपराध भएपछि विरोध गर्ने समाजभन्दा अपराध हुन नदिने संस्कार निर्माण गर्ने समाज आजको आवश्यकता हो । सभ्य समाज केवल कानुनले बन्दैन; जिम्मेवार नागरिक, संवेदनशील समाज र सही सामाजिक संस्कारले बन्छ ।

**दृश्य दुई**

अपराधको पराकाष्ठा देख्दा समाजबाट "अपराधीलाई फाँसी दे" भन्ने आक्रोशपूर्ण आवाज उठ्नु मानवीय र स्वाभाविक प्रतिक्रिया हो । तर के फाँसी वा कडा सजाय मात्रै अपराध रोक्ने अचुक औषधि हो? गम्भीर अपराधमा कानुनअनुसार कडा सजाय आवश्यक हुन सक्छ, तर अपराधको समाधान केवल सजायको कठोरतामा मात्र खोज्नु पर्याप्त हुँदैन । यसको पछाडि रहेको राज्यको फितलो प्रणालीलाई गम्भीरताका साथ मन्थन गर्नुपर्ने बेला आएको छ । अपराध एक्लै जन्मिँदैन; यसलाई मौलाउन विभिन्न कारणले भूमिका खेलेका हुन्छन् । पहिलो, भ्रष्टाचार र कमजोर कानुन कार्यान्वयनः जब देशमा भ्रष्टाचार संस्थागत हुन्छ, तब न्याय बिक्री हुन थाल्छ । "ठूलालाई चयन, सानालाई ऐन" भन्ने परिस्थिति बन्दा अपराधीहरूमा कानुनको डर हराउँदै जान्छ । पहुँचवालाहरू अपराध गरेर पनि सजिलै छुट्ने परिपाटीले समाजमा दण्डहीनता बढाउँछ, जसले अरूलाई पनि अपराध गर्न हौसला दिन्छ । दोस्रो, बेरोजगारी र आर्थिक निराशाः युवाहरूमा रोजगारी र भविष्यको ग्यारेन्टी नहुँदा सिर्जना हुने निराशाले धेरैलाई गलत बाटोमा धकेल्न सक्छ । बेरोजगारीले मानसिक तनाव, लागूपदार्थको कुसङ्गत र ग्याङ/संगठित अपराधतिर आकर्षित गराउन सक्छ । आर्थिक अभावकै कारण ससाना विवादमा हिंसा र लुटपाटजस्ता घटनाहरू पनि घट्ने गर्छन् ।

तेस्रो, नेताहरूको राज्य सञ्चालन र राजनीतिक संरक्षण : नेताहरूले राज्य सञ्चालनलाई चुस्त बनाउनुको साटो आफ्ना कार्यकर्ता र आपराधिक चरित्रका मानिसहरूलाई राजनीतिक संरक्षण दिने गर्दा समाज असुरक्षित बनेको छ । राजनीतिक आडमा हुने अपराधले समाजमा मानवीय संवेदनशीलतालाई नै कमजोर बनाएको छ ।

## समयअघि...

रुपैयाँ लागतमा भएको उक्त ठेक्काअनुसार सुरुङ निर्माण २०७६ चैत १५ गतेसम्म सक्नुपर्ने थियो नेपालमा पहिलोपटक टीबीएम प्रविधि प्रयोग गरेर २०७४ कात्तिक २० गते सुरुङ खन्ने काम सुरु भयो । काम तीव्र गतिमा अघि बढेपछि २०७६ वैशाख ३ गते नै सुरुङको ' ब्रेक थ्रु' भयो । सम्झौतामा तोकिएको समयभन्दा करिब एक वर्षअघि नै सुरुङ छिचोलिएपछि भेरी-बबई आयोजना चर्चामा आयो । सुरुङ निर्माणको गति हेर्दा बाँकी संरचनाको काम पनि छिट्टै सम्पन्न हुने अपेक्षा थियो । तर सुरुङ निर्माणपछि सुरु भएको बाँध, पावर हाउस तथा अन्य सिभिल संरचनाको काम भने अपेक्षित गतिमा अघि बढ्न सकेन । सुरुङ निर्माण सम्पन्न भएको केही महिनापछि दोस्रो चरणअन्तर्गत भेरीगंगाको चिप्लेमा बाँध, पावर हाउस र सर्जसाफ्टलगायत सिभिल संरचना निर्माणका लागि २०७६ साउन १५ गते रमण कन्स्ट्रक्सन र ग्वाङ्डोन-युनाटियन जेभीसँग ठेक्का सम्झौता भयो ।

उक्त ठेक्काको रकम ६ अर्ब १६ करोड ५२ लाख १६ हजार रुपैयाँ थियो । सम्झौताअनुसार सिभिलतर्फको काम २०८० साउन २९ गतेभित्र सक्नुपर्ने थियो । तर तोकिएको मितिमा काम पूरा भएन ।

सिभिल ठेक्काको मूल अवधि सकिएपछि म्याद थपिन थाल्यो । २०८० मंसिरमा म्याद थपियो । थपिएको अवधिमा पनि काम सम्पन्न हुन सकेन । त्यसपछि २०८२ भदौमा सात महिनाका लागि पुनः म्याद थपियो । उक्त म्याद २०८२ चैत २० गते सकियो तर त्यसबेलासम्म पनि सिभिलतर्फको काम पूरा हुन सकेको थिएन ।

तेस्रोपटक थपिएको म्याद सकिएपछि निर्माण कम्पनीले फेरि लामो समय माग्यो । ठेकेदार कम्पनीले तीन वर्ष चार महिना थप समय मागेको थियो । तर आयोजना कार्यालयले त्यति लामो समय दिन मानेन । ठेक्का तोडेर नयाँ प्रक्रिया सुरु गर्दा आयोजना अझै लम्बिने अवस्था देखिएपछि सीमित अवधिका लागि म्याद थप्ने निर्णय गरियो ।

त्यसपछि सिभिल ठेक्काको म्याद चौथोपटक २१० दिनका लागि थपियो । चौथोपटक थपिएको म्याद अहिले २०८३ मंसिर १०/११ गतेसम्म छ । अर्थात् २०७६ साउन १५ गते ठेक्का सम्झौता भएको काम २०८० साउन २९ गतेभित्र सकिनुपर्ने थियो । तर तोकिएको समयभित्र नसकिएपछि म्याद थपिँदै जाँदा अहिले २०८३ मंसिरसम्म पुगेको छ ।

पछिल्लो विवरणअनुसार सिभिलतर्फको काम अझै पूर्ण भएको छैन । मुख्य बाँधका ६ वटा बेमध्ये दुईवटा निर्माण सम्पन्न हुने चरणमा पुगेका छन् । सेटलिङ बेसिनको काम करिब ७० प्रतिशत पुगेको छ । पेनस्टक पाइपका एंकर ब्लक, पावर हाउस, सर्जसाफ्टलगायत संरचनाको काम भने अझै बाँकी रहेको आयोजनाका सुचना अधिकारी एवम् सिनियर डिभिजनल इन्जिनियर हरिबहादुर थापाले जानकारी दिए ।

उनका अनुसार सिभिल संरचना निर्माणमा भएको ढिलाइले आयोजनाका अन्य ठेक्काको कामलाई समेत असर गरेको छ ।

हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फ उपकरण निर्माण तथा फ्याब्रिकेसनको काम भइरहे पनि ती उपकरण जडान गर्न आवश्यक सिभिल संरचना तयार नहुँदा जडानको काम अघि बढाउन कठिनाइ भइरहेको उनले बताए ।

## समग्र...

असोजको तेस्रो सातासम्म रहेको छ । सिभिलतर्फ चौथोपटक थपिएको म्याद भने २०८३ मंसिर १०/११ गतेसम्म छ । त्यसपछि आयोजनाको प्रगति समीक्षा गरेर म्याद थप गर्ने वा नगर्ने निर्णय गरिने उनले बताए ।

भेरी-बबई आयोजनाको काम हेर्दा सबैभन्दा जटिल मानिएको सुरुङ निर्माणको काम समयभन्दा अघि नै सकिए पनि त्यसपछि आयोजनाको गति सुस्त भएको देखिन्छ । २०७६ वैशाख ३ गते सुरुङ छिचोलिएको थियो ।

तर २०७६ साउन १५ गते सम्झौता भएको सिभिल ठेक्काको काम २०८० साउन २९ गतेभित्र सकिनुपर्नेमा अहिलेसम्म पूरा हुन सकेको छैन ।

गत आर्थिक वर्षमा आयोजनाले १ अर्ब ७५ करोड रुपैयाँ बजेट प्राप्त गरेकोमा करिब १ अर्ब २० करोड रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षका लागि भने २ अर्ब ५१ करोड रुपैयाँ विनियोजन गरिएको सुचना अधिकारी थापाले बताए ।

## म्याद...

गरिएको थियो । सरकारले आर्थिक वर्ष २०६८/६९ देखि आयोजना निर्माण सुरु गर्ने लक्ष्य राखे पनि वास्तविक निर्माण कार्य भने आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको आयोजनाको आधिकारिक वेवसाइटमा उल्लेख छ ।

आयोजना सुरु गर्दा यसको निर्माण आर्थिक वर्ष २०७७/७८ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर काम तोकिएको समयमा पूरा हुन नसकेपछि सम्पन्न गर्ने अवधि २०७९/८० सम्म सारियो । त्यो अवधिमा पनि आयोजना पूरा भएन । आयोजनाको सुरुवाती लागत अनुमान पनि अहिलेको भन्दा निकै कम थियो । समयसँगै संरचना र लागत थपिँदै जाँदा भेरी-बबई डाइभर्सनतर्फको लागत ३३ अर्ब १९ करोड ६६ लाख रुपैयाँ पुगेको छ । भेरी करिडोर सिँचाइ विकास आयोजनासमेत जोड्दा संशोधित कुल लागत ३६ अर्ब ८० करोड ७७ लाख रुपैयाँ रहेको आयोजना कार्यालयको विवरणमा उल्लेख छ ।

# पहिरोले भत्काएको लघुजलविद्युत पाँच वर्षदेखि बन्द

❒ काँक्रेविहार संवाददाता
हुम्ला, १० भदौ



अदानचुली गाउँपालिका दुईमा रहेको मछ्याईनी लघुजलविद्युत आयोजना पहिरोका कारण क्षतिग्रस्त भएको पाँच वर्ष बितिसक्दा पनि मर्मत हुन नसक्दा दुई गाउँका करिब  दुई सय ५० घरधुरी विद्युत सेवाबाट वञ्चित भएका छन् ।

अदानचुली गाउँपालिका दुईका थाई र मकै गाउँका स्थानीयलाई विद्युत आपूर्ति गर्ने उद्देश्यले निर्माण गरिएको उक्त आयोजना सञ्चालनमा आएको चार वर्षमै पहिरोले पावर हाउसमा क्षति पुऱ्याएपछि बन्द भएको हो ।

विद्युत सेवा बन्द भएपछि आर्थिक अवस्था कमजोर भएका परिवार सल्लाको दियालो प्रयोग गरेर रात कटाउन बाध्य छन् भने हुनेखाने परिवारले सोलारबाट घर उज्यालो बनाउँदै आएका छन् ।

मकै गाउँकी स्थानीय दुम्ची पलातीले सहयोगी हातहरूको पहलमा चार वर्षसम्म नियमित बत्ती बाल्न पाए पनि पावर हाउसमा क्षति पुगेपछि पुनः अन्धकारमा बस्नुपरेको बताइन् ।

"घरमा बत्ती बालेको सम्झँदा अहिले सपना जस्तो लाग्छ," उनले भनिन् । उनले आयोजना पुनः सञ्चालनका लागि आवश्यक पहल गर्न सम्बन्धित निकायसँग आग्रह गरिन् ।

स्थानीय हरि बुढाका अनुसार २०७७ सालमा माथिबाट आएको पहिरोले पावर हाउसमा क्षति पुऱ्याएपछि विद्युत सेवा अवरुद्ध भएको हो ।

पावर हाउस प्रयोग गर्न नसकिने अवस्थामा पुगेको, पोल ढलेर तारहरू समेत छरपस्ट भएको उनले बताए । उनका अनुसार आयोजनामा जडान गरिएको मेसिन भने अझै राम्रो अवस्थामा रहेको छ ।

मेसिन सञ्चालनयोग्य हुँदाहुँदै पनि पावर हाउससहित अन्य संरचना मर्मत नहुँदा स्थानीयले विद्युत सेवा पाउन नसकेको बुढाले बताए । गाउँपालिकालाई पटक-पटक मर्मतका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । २०७० सालमा नवीकरणीय वैकल्पिक ऊर्जा कार्यक्रम र तत्कालीन जिल्ला विकास समितिको लगानीमा निर्माण भएको आयोजना २०७३ सालदेखि सञ्चालनमा आएको थियो । स्थानीय उपभोक्ता समितिमार्फत निर्माण गरिएको उक्त लघुजलविद्युत आयोजना ४० किलोवाट क्षमताको हो । पाँच वर्षदेखि बन्द रहेको आयोजना तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन स्थानीयले सम्बन्धित निकायसँग माग गरेका छन् ।

# बुकाखोलाले १२ बस्तीमा सास्ती

❒ काँक्रेविहार संवाददाता
मुगु, १० भदौ



मुगुको सदरमुकाम आसपासका बस्ती हुँदै छिमेकी जिल्ला जुम्ला जोड्ने बुकाखोलाको समस्या वर्षौंदेखि समाधान हुन नसक्दा स्थानीयवासीले वर्षायाममा सास्ती खेप्दै आएका छन् ।

छायानाथ रारा नगरपालिका चार स्थित बुकाखोलामा हरेक वर्ष पानीको बहाब बढ्दा सडक अवरुद्ध हुनुका साथै खेतीयोग्य जमिन कटान हुने गरेको स्थानीयले बताएका छन् ।

छायानाथ रारा नगरपालिका पाँचमा रहेको ताल्चा विमानस्थलबाट बग्ने पानीको उचित व्यवस्थापन नहुँदा बुकाखोलामा पानीको बहाब बढ्ने गरेको स्थानीयको भनाइ छ ।

वर्षायाममा पानीको बहाब बढेपछि सयौं हेक्टर खेतीयोग्य जमिन कटान हुनुका साथै सडकसमेत क्षतिग्रस्त हुने गरेको छ । बुकाखोलाको बहाब बढ्दा आसपासका करिब १२ वटा बस्तीका नागरिक प्रभावित हुने गरेका छन् ।

विद्यार्थी, ज्येष्ठ नागरिक, बिरामी तथा अपाङ्गता भएका व्यक्तिलाई आवतजावतमा विशेष समस्या हुने गरेको छायानाथ रारा नगरपालिका छ का ज्येष्ठ नागरिक लोग्या ऐडीले बताए ।

कक्षा नौ मा अध्ययनरत छायानाथ रारा नगरपालिका चारका लालकेस भामका अनुसार बुकाखोला हुँदै आसपासका गाउँका विद्यार्थी विद्यालय जाने गरेका छन् ।

वर्षा सुरु भएपछि ताल्चा विमानस्थलबाट आउने पानीको बहाब बढ्दा सडक ठाउँठाउँमा बगाउने र बाटो अवरुद्ध हुने भएकाले नियमित विद्यालय जानसमेत समस्या हुने गरेको उनले बताए ।

स्थानीयका अनुसार भरपर्दो सडक र पुलको अभावमा बिरामीलाई उपचारका लागि लैजान, विद्यार्थीलाई विद्यालय पुग्न तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्न कठिनाइ हुने गरेको छ ।

वर्षाको समयमा खोला बढेपछि कतिपय स्थानमा घण्टौंसम्म आवतजावत बन्द हुने गरेको छ । छायानाथ रारा नगरपालिका सातका हर्कबहादुर शाहीले निर्वाचनका बेला सडक, पुल र यातायातलाई प्राथमिकता दिने प्रतिबद्धता गरिए पनि बुकाखोलाको समस्या समाधान हुन नसकेको गुनासो गरे ।

स्थानीयले ताल्चा विमानस्थलबाट बग्ने पानीको उचित व्यवस्थापन, बुकाखोलामा स्थायी पुल निर्माण तथा सडक स्तरोन्नतिको माग गरेका छन् । बुकाखोलाको समस्या समाधान भए मुगुका १२ वटा बस्तीका नागरिकसँगै जुम्लातर्फको आवतजावतसमेत सहज हुने स्थानीयको भनाइ छ ।

# गाउँमै पुगेर कृषकलाई कृषि कार्यक्रमको जानकारी



❒ काँक्रेविहार संवाददाता
डोल्पा, १० भदौ

हिमाली जिल्ला डोल्पामा कृषकलाई कृषि क्षेत्रका कार्यक्रम तथा अनुदानसम्बन्धी सूचना गाउँमै पुगेर जानकारी गराउन थालिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ ९स्याउ जोन० ले ग्रामीण बस्तीमै पुगेर कृषकलाई कार्यालयबाट सञ्चालन हुने कार्यक्रम, अनुदान र प्रस्ताव आह्वानबारे जानकारी दिन थालेको हो । चालु आर्थिक वर्ष २०८३ र ८४ का लागि कार्यालयले जारी गरेका कार्यक्रम तथा प्रस्ताव आह्वानसम्बन्धी सूचना लक्षित कृषकसम्म सहज रूपमा पुऱ्याउने उद्देश्यले कार्यालय प्रमुखसहितको टोली गाउँबस्तीमा पुगेको छ ।

कार्यक्रम कार्यान्वयन एकाइका निमित्त कार्यालय प्रमुख तथा कृषि अधिकृत गोविन्द मल्लका अनुसार टोलीले कृषकलाई कृषि कार्यक्रमका लागि आवेदन दिने प्रक्रिया, आवश्यक कागजात, प्रस्ताव पेस गर्ने समयसीमा तथा कृषक र कृषि फार्म सूचीकृत हुने प्रक्रियाबारे जानकारी दिइरहेको छ । उनका अनुसार सूचना तथा सञ्चारको पहुँचबाट टाढा रहेका ग्रामीण क्षेत्रका कृषक कार्यालयका कार्यक्रमबारे समयमै जानकारी नपाउने अवस्था रहेकाले प्रत्यक्ष रूपमा गाउँमै पुगेर सूचना प्रवाह गरिएको हो ।

यसै क्रममा निमित्त कार्यालय प्रमुख मल्ल र गणेश शाहीसहितको टोलीले त्रिपुरासुन्दरी नगरपालिका तिनका जिउँ गाउँ र सुँ गाउँ तथा वडा नम्बर चारको रंगगाउँ पुगेर कृषकसँग भेटघाट गरेको छ ।

टोलीले कृषि कार्यक्रमबारे जानकारी दिनुका साथै स्थानीय कृषकको कृषि व्यवसाय, फार्म तथा उत्पादनको अवस्थाबारे समेत जानकारी लिएको छ ।

डोल्पाका कतिपय ग्रामीण बस्तीमा इन्टरनेट तथा सञ्चारको पहुँच सहज नभएकाले कार्यालयबाट जारी हुने सूचना सबै कृषकसम्म समयमै पुऱ्याउन चुनौती हुने गरेको मल्लले बताए ।

सूचना नपाएकै कारण लक्षित कृषक सरकारी कार्यक्रम तथा अनुदानबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गाउँस्तरमै पुगेर जानकारी गराइएको उनको भनाइ छ । कार्यालयले इच्छुक कृषक तथा कृषि फार्म सञ्चालकलाई समयमै सूचीकृत हुन र तोकिएको समयभित्र आवश्यक प्रस्ताव पेस गर्न आग्रह गरेको छ ।

कृषकलाई सूचना र सेवा सहज रूपमा उपलब्ध गराउने अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने कार्यालयले जनाएको छ ।






## कर्णालीमा उच्च सतर्कता :

# तीर्थयात्रीलाई अपिल, कर्मचारीको विदा रोक



❒ कांक्रेविहार संवाददाता
सुर्खेत, १० भदौ

कर्णाली प्रदेश सरकारले पछिल्लो समय देशका विभिन्न भागमा भइरहेको अविरल वर्षा र बाढी पहिरोको जोखिमलाई मध्यनजर गर्दै प्रदेशभर उच्च सतर्कता अपनाउन आह्वान गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा सोमबार बसेको विपद् व्यवस्थापन समन्वयात्मक बैठकले प्रदेशका कर्मचारीहरूलाई अत्यावश्यक कामबाहेक विदामा नबस्न निर्देशन दिएको हो।

बैठकले भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट कर्णालीका नागरिकहरूसमेत परेको हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै प्रदेश सरकारले ती नागरिकहरूको तथ्याङ्क संकलन गर्न र परिवारसँग सम्पर्क स्थापित गर्ने व्यवस्था मिलाउन प्रदेशभित्रका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई पत्राचार गर्ने निर्णय गरेको छ।

चार जिल्लामा भारी वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार भदौ ११ र १२ गते कर्णाली प्रदेशका पहाडी जिल्लाहरू खासगरी दैलेख, सुर्खेत, सल्यान र रुकुम पश्चिमका केही भूभागमा भारी वर्षा हुने सम्भावना छ।

यस अवस्थालाई दृष्टिगत गरी उच्च पहाडी तथा हिमाली क्षेत्रमा तीर्थयात्रा एवं पदयात्रामा रहेका सर्वसाधारणलाई सतर्क रहन भनिएको छ विशेष गरी महाबुधाम (दैलेख), बडिमालिका (बाजुरा), ऋणमोक्ष धाम (मुगु) र ठाकुरज्यू (जुम्ला) लगायतका स्थानमा यात्रा गरिरहेका तीर्थयात्री तथा पदयात्रीहरूले प्रयोग गर्ने सडक मार्ग र पैदल मार्गको मौसम सम्बन्धी जानकारी लिएर मात्र यात्रा अघि बढाउन सार्वजनिक सूचना जारी गरिएको छ।

प्रदेशमा विपद् जोखिमको अवस्था कायम रहेकाले कार्यालय प्रमुख तथा जिम्मेवार कर्मचारीहरूलाई अति आवश्यक काम नपरी विदामा नबस्न निर्देशन दिइएको छ अति आवश्यक काम परी विदामा बस्नै परेमा अनिवार्य रूपमा वैकल्पिक व्यवस्था मिलाएर मात्र बस्न भनिएको छ।

यसैगरी जाजरकोटका बाढी तथा पहिरो प्रभावितहरूका लागि राहत तथा उद्धारका कार्यहरू तीव्र पारिएको जानकारी दिँदै बैठकले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यका लागि सबै सुरक्षा निकाय तथा सरोकारवालाहरूलाई उच्च सतर्कतामा रहन निर्देशन दिएको छ।

प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट संकलित विवरणहरू मुख्यमन्त्री कार्यालयको सूचना बोर्डमा नियमित प्रकाशन गरिने बैठकले निर्णय गरेको छ।

# विपत्तिको बेला हवाई भाडा नबढाउन प्राधिकरणको निर्देशन

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, १० भदौ

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले प्राकृतिक विपत्ति र बाढीपहिरोको विषम परि स्थितिमा हवाई भाडा वृद्धि नगर्न वायुसेवा कम्पनीहरूलाई निर्देशन दिएको छ।




विपद्‌को समयमा सडक यातायात अवरुद्ध भएको मौका छोपी एयरलाइन्सहरूले मनपरी भाडा बढाएको भन्दै यात्रुहरूबाट तीव्र गुनासो आएपछि प्राधिकरणले यस्तो निर्देशन दिएको हो।

प्राधिकरणको हवाई यातायात विभागले बुधबार आन्तरिक उडान भर्ने सबै वायुसेवा कम्पनीहरूलाई पत्राचार गर्दै विपत्तिको समयमा सर्वसाधारणको हितलाई ध्यानमा राख्न सचेत गराएको छ।

विभागका उपप्रबन्धक सन्तोष अधिकारीले जारी गरेको निर्देशनमा भनिएको छ, 'हाल देशमा उत्पन्न बाढी तथा प्राकृतिक विपद्‌को विषम परिस्थितिमा सर्वसाधारणको आवागमनमा सहजता र हितलाई मध्यनजर गर्दै नेपाल सरकारबाट स्वीकृत हवाई भाडादरको उच्चतम भाडादर भन्दा कम र परिस्थितिलाई मध्यनजर गर्दै हालको भाडादरमा नबढ्ने गरी हवाई टिकट उपलब्ध गराउने व्यवस्था हुन अनुरोध छ।'

बुधबार बिहान तिब्बतबाट रसुवागढी हुँदै आएको बाढीका कारण त्रिशुलीको तटीय क्षेत्रमा ठूलो जनधनको क्षति पुगेको छ। यसका कारण पृथ्वी राजमार्ग लगायत मुख्य राजमार्गहरू अवरुद्ध भएको छ।

यही बाध्यताको फाइदा उठाउँदै कतिपय वायुसेवा कम्पनीहरूले सस्तो टिकट होल्ड गर्ने र यात्रुबाट सरकारले तोकेको अधिकतम भाडा असुल्ने गरेको गुनासो यात्रुहरूले गर्दै आएका थिए।

प्राधिकरणले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमसहित निजी क्षेत्रका बुद्ध एयर, यति एयरलाइन्स, श्री एयरलाइन्स, समिट एयर, तारा एयर र सीता एयरलाई यो निर्देशन पठाएको हो।

# भोटेकोसीको बाढीले नेपाल भित्रिँदै गरेका सयौं गाडी बगायो

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, १० भदौ

व्यावसायिक बिक्री-वितरणका लागि नेपाल भित्रिँदै गरेका सयौँ गाडी भोटेकोसीको बाढीले बगाएको छ।

बुधबार बिहान चीनतर्फबाट भोटेकोसी नदीमा आएको भीषण बाढीले त्रिशूली नदीको तटीय क्षेत्र रसुवा, नुवाकोट र धादिङ क्षेत्र पूर्णतः प्रभावित बनेको छ। बाढीका कारण सयौँ मानिस बेपत्ता रहेका छन् भने नदीछेउको बस्ती, बजार, सडक, पुल बगाएका छन्। यही बाढीमा चीनबाट नेपाल भित्रिँदै गरेका सयौँ गाडीहरूसमेत बगाएका हुन्।

रसुवागढी केरुङ नाकाहुँदै नेपाल भित्रिँदै गरेका, चीनतर्फ र नेपालतर्फ पार्किङ गरेर राखेका, भन्सार जाँचपास भएका नभएका सयौँ गाडीहरू बगाएका छन्। यस्तो गाडी १ हजार ५०० भन्दा बढी रहेको अनुमान गरिएको छ।

खासगरी दसैँतिहारको मुखमा नाइमा अटो शो र नाडा अटो शोलाई लक्षित गर्दै व्यवसायीहरूले ठूलो संख्यामा चिनियाँ विद्युतीय गाडी रसुवागढी नाकाहुँदै भित्र्याउन लागेका थिए। तर, काठमाडौं भित्रिँदै गरेका बाटोमै रहेका गाडीहरू बाढीले बगाएका हुन्।

रसुवागढी भन्सार क्षेत्र र आसपासमा रहेका एक हजारभन्दा बढी कार र १०० भन्दा बढी कन्टेनर बाढीले बगाएको सूचना छ। तथापि, कति गाडी थियो, यकिन तथ्यांक आएको छैन।

सार्वजनिक सूचनाअनुसार बीवाईडीको मात्र ७०० युनिटभन्दा बढी कार बगाएको छ। एमजी, बुलिङ, ओमोडा, जेको, आईकार, बीएआईसी, आर्कफक्स, फोटोन, स्काईवेललगायत ब्रान्डका लगभग एक हजारभन्दा बढी कार बगाएको बताएको छ।

**नाडा अटो शो अन्योलमा**

अटो मेला नाडा अटो शो २०२६ मंगलबारदेखि सुरु भएको हो। तर, बाढीका कारण नेपाल भित्रिँदै गरेका सयौँ गाडी बगाएपछि व्यवसायीहरू तनावमा परेका छन्, जसका कारण अटो शो नै अन्योलमा परेको छ।

## स्थानीय...

छ।

बाढीले सडक र पुलमा पनि ठूलो क्षति पुऱ्याएको छ। सडक विभागका अनुसार त्रिशूली नदीका कम्तीमा १९ वटा पुलमा क्षति पुगेको छ भने करिब ४० किलोमिटर सडक क्षतिग्रस्त भएको छ। टिमुरे भन्सार यार्डमा रहेका करिब २ सय २० देखि २ सय ५० वटा मालवाहक कन्टेनरसमेत बाढीले बगाएको अनुमान गरिएको छ।

यस्तै सरकारले घाइते तथा प्रभावितको उपचार निःशुल्क गर्ने जनाएको छ। काठमाडौंका वीर, ट्रमा सेन्टर, त्रिवि शिक्षण अस्पताल, पाटन, सिभिल र नेपाल प्रहरी अस्पताललाई उच्च सतर्कतामा राखिएको छ। विभिन्न अस्पतालमा २१ जना उपचाररत रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

घाइतेको उपचारका लागि वीर अस्पतालले २७ वटा बेड तथा आईसीयूका ११ बेड तयारी अवस्थामा राखेको छ भने त्रिवि शिक्षण अस्पतालले 'डिजास्टर कोड' सक्रिय गरेको छ। नेपाल रेडक्रसले काठमाडौंमा करिब एक हजार युनिट रगत मौज्दात रहेको जनाएको छ।

यसैबीच, चीनले पनि केरुङ क्षेत्रमा भएको बाढीपहिरोप्रति चासो जनाउँदै उद्धार, राहत र जोखिम न्यूनीकरणलाई प्राथमिकता दिन निर्देशन दिएको छ। चीनले नेपालसँग समन्वय र सञ्चारलाई थप मजबुत बनाउनसमेत सम्बन्धित निकायलाई निर्देशन दिएको छ। रसुवामा अझै बाढीको जोखिम कायमै रहेकाले उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। विपद्का कारण प्रभावितको उद्धार, बेपत्ताको खोजी, घाइतेको उपचार तथा क्षतिग्रस्त सडक-पुल तत्काल सञ्चालनमा ल्याउनु अहिलेको मुख्य चुनौती बनेको छ। सरकारले सबै निकायबीच प्रभावकारी समन्वय गर्दै राहत तथा पुनःस्थापनालाई तीव्र बनाउनुपर्ने देखिएको छ।

**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।**

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/११**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कल्पना सारू मगर** धनी रहेको, **दर्ता नम्बर** ७२३२/०७७/०७८ बाट **वीरेन्द्रनगर-९, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दुना टपरी म:म एण्ड सेकुवा घर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/११**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री दुर्गा रोकाय** धनी रहेको, **दर्ता नम्बर** ८६९९/०७८/०७९ बाट **चिङ्गाड-३, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **रोकाय कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)